स्थानः नगरपालिकाको सभाहल

समयः दिनको ३.००

आज मिति २०७७/१२/१ गतेका दिन सन्धिखर्क नगरपालिका नगरकार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कमल प्रसाद भुसालको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

कार्यपालिका बैठक नम्बरः ४२ (२०७७/०७८-९)

| क्रम संख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | नगर प्रमुख श्री कमल प्रसाल भुसाल | |
| २. | सदस्य | उप प्रमुख श्री ठाकुर कुमार वि.क | |
| ३. | सदस्य | श्री युवराज वञ्जाडे | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री लिलाराम गौतम | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री राजेन्द्र भुसाल | |
| ८. | सदस्य | श्री कृष्ण प्रसाद आचार्य | |
| ९. | सदस्य | श्री प्रितम बहादुर थापा | |
| १०. | सदस्य | श्री इश्वरी प्रसाद भुसाल | |
| ११. | सदस्य | श्री देवि बहादुर रायमाझी | |
| १२. | सदस्य | श्री लक्ष्मी नारायण चुँदाली | |
| १३. | सदस्य | श्री धुर्व राज आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री लक्ष्मी नेपाली | |
| १६. | सदस्य | श्री मान बहादुर सुनार | |
| १७. | सदस्य | श्री श्रृजना वि.क | |
| १८. | सदस्य | श्री पदमा भुसाल | |
| १९. | सदस्य | श्री यमकला थापा क्षेत्री | |
| २०. | सदस्य | श्री बसन्ता के.सी | |
| २१. | सदस्य | श्री हिमकला टोमटा | |
| २२. | सदस्य | श्री रुपा वि.क | |
| २३. | सदस्य-सचिव | श्री कृष्णप्रसाद सापकोटा | |

कमल प्रसाद भुसाल
अध्यक्ष

मितिः२०७७/१२/१ गतेको कार्यपालिका बैठकका निर्णयहरु

निर्णय न. १

- गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रममा प्राप्त ससर्त बजेट तथा कार्यक्रमलाई उद्योग विकास समितिको बैठकबाट भएको निर्णय बमोजिम कार्यान्वयन गर्ने ।

निर्णय न. २.

- सन्धिखर्क नगरपालिकाको वाड नं ७ मा रहेको सुपादेउराली मन्दिर र नरपानी पिक्नीक स्पोर्ट नगरपालिकाको प्रमुख धार्मिक एवं पर्यटीय स्थलको रुपमा परिचित रहेको सन्दर्भमा मिति २०७७/१२/४ गतेका दिन उक्त कार्यको सुरुवात गर्ने र सोको निरन्तरता उक्त क्षेत्रमा महिनामा कम्तिमा २ पटक एकादशीको दिन सरसफाइ अभियान सञ्चालन गर्ने र सोको संयोजन सम्बन्धित वडा कार्यालयले गर्ने ।

निर्णय नं ३.

- संघीय आयोजना कार्यान्वयन इकाई कार्यालय भैरहवाबाट प्राप्त जानकारी अनुसार सुरक्षित नागरिक आवास कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि २०७७ बमोजिम खरका छाना भएका घरधनीहरु विवरण संकलनका लागि सम्बन्धित वडा कार्यालयबाट सूचना जारी गरी संकलन गर्ने र सोही बमोजिम सम्बन्धित निकायमा सिफारिस गर्ने।

निर्णय नं ४.

- सुपादेउराली मन्दिर दर्शनका तथा नरपानीमा आउने पर्यटक, तिर्थालु र भक्तजनहरु समेतको उपस्थितिका कारण सुपादेउराली मन्दिर क्षेत्रमा बढेको ट्राफिक व्यवस्थापनका लागि देउराली मन्दिर देखि माथि उत्तर पश्चिम खाँचीखोला पुल देखि माथि साविकमा पार्किङ्गको रुपमा प्रयोग गरिएको स्थानमा झरेको पहिरोका कारण अवरूद्ध पार्किङ्ग एरियामा रहेका ढुंगा तथा ग्राभेल तत्काल हटाइ पार्किङ्ग व्यवस्थापन सहज बनाउने सन्दर्भमा जिल्ला अनुगमन समितिमा अनुरोध गरी तत्काल हटाउने प्रक्रिया अगाडि बढाउने।

निर्णय नं ५.

- सन्धिखर्क नगरपालिकाको बजार क्षेत्र भित्र साविकमा तोकिएको क्षेत्रमा हाटबजार तथा पार्किङ्ग र नरपानी पिक्निक स्पोर्ट र देउराली खाँचीखोलामा हुने पार्किङ्ग व्यवस्थापनका लागि देहाय बमोजिम न्यूनतम अंक कायम गरी चालु आ.व को बाँकी अवधिको लागि ठेक्का व्यवस्थापन गर्ने।

  १.सन्धिखर्क नगरपालिका.१ मा लाग्ने हाटबजार तथा साविकमा तोकिएका पार्किङ्ग एरियाका लागि रु ५००००।

  २.नरपानी तथा सुपादेउराली खाँचीखोला पिक्निक स्पोर्ट तथा पार्किङ्ग क्षेत्र रु १०००००।एक लाख

निर्णय नं ६.

- सन्धिखर्क नगरपालिका वडा नं १,२,६,७ र १० का बजार क्षेत्र र धार्मिक तथा पर्यटन क्षेत्रमा धेरै मात्रामा उत्पादन हुने फोहोर व्यवस्थापनका लागि निजिक्षेत्रलाई परिचालन गरि फोहोर व्यवस्थापन गर्ने प्रयोजनका लागि २१ दिन भित्र अध्ययन गरी नगर कार्यपालिकामा प्रतिवेदन पेस गर्न नगरप्रमुखज्यूको संयोजकत्वमा देहायका पदाधिकारीहरु सदस्य रहेको फोहोर व्यवस्थापन समिति गठन गर्ने।

तपसिल

१.संयोजक श्री कमल प्रसाद भुसाल

२.सदस्य श्री ठाकुर कुमार वि.क

३. सदस्य श्री प्रमुख प्रशासकीय अधिकृत

४. सदस्य श्री वडा अध्यक्ष वडा नं १,२,६,७ र १०

५. सदस्य-सचिव श्री पूर्ण पराजुली

निर्णय नं ७ .



कमल प्रसाद भुसाल
प्रमुख

- सन्धिखर्क नगरशिक्षा समितिबाट सामुदायिक विद्यालयहरु समायोजन तथा शिक्षक दरबन्दी मिलानका लागि गठित कार्यदलको प्रतिवेदन र नगर शिक्षा समितिको मिति २०७७/११/२९ निर्णयबाट सिफारिस भै आए बमोजिम शिक्षक दरबन्दी मिलान गर्ने।

निर्णय नं ८.

- सन्धिखर्क नगरपालिकाको समग्र गरिबी न्युनीकरणका लागि आवश्यक नीति तर्जुमा गरी नगर कार्यपालिका बैठकमा पेस गर्न नगर उपप्रमुखको संयोजकत्वमा देहायका पदाधिकारीहरु रहेको समिति गर्ने।

तपसिल

१. संयोजक श्री ठाकुर कुमार वि.क
२. सदस्य श्री प्रकाश भुसाल सहकारी अध्यक्ष
३. सदस्य श्री गोपाल पन्थी शिक्षक पार्वती आधारभुत विद्यालय
४. सदस्य श्री दोर्ण प्रसाद भुसाल उप प्रध्यापक पाणिनी वहुमुखी क्यापस
५. सदस्य श्री कृषि शाखा प्रमुख सन्धिखर्क नगरपालिका
६. सदस्य श्री पशु विकास सेवा शाखा शाखा प्रमुख सन्धिखर्क नगरपालिका
७. सदस्य श्री महिला तथा वालबालिका शाखा प्रमुख
८. सदस्य श्री डिल कुमार के.सी कम्प्यूटर अप्रेटर
९. सदस्य-सचिव श्री जीवनारायण आचार्य

निर्णय नं ९.

- सन्धिखर्क नगरपालिकाको चालु आर्थिक वर्षको अर्धवार्षिक समिक्षा मिति २०७७/१२/२५ गतेका दिन आयोजना गर्ने।

निर्णय नं १०

- सन्धिखर्क नगरपालिका वडा नं ९ निवासी सागर वि.कको छोरा सन्दिप वि.क विरामी भएको र निजको आर्थिक अवस्था अत्यन्तै कम्जोर रहेकाले निजको स्वास्थ्य उपचारका लागि रु ३५०००।पैतिस हजार आर्थिक सहायता उपलब्ध गराउने।

निर्णय नं ११.

- नेपाल सहरी शासकीय तथा पूर्वाधार आयोजना कार्यान्वयनको लागि आयोजना समन्वय कार्यालय वबरमहल काठमाण्डौं को प.स २०७७/०७८ च.नं १०९ मिति २०७७/१२/१ को प्राप्त पत्र बमोजिमं नगर प्रमुखज्यूको अध्यक्षतामा देहाय बमोजिम पदाधिकारी रहेको Municipal coordination committee (Mcc) गठन गर्ने ।

१. अध्यक्ष श्री कमल प्रसाद भुसाल नगर प्रमुख
२. उपाध्यक्ष श्री ठाकुर कुमार वि.क नगर उपप्रमुख
३. सदस्य श्री प्रमुख प्रशासकीय अधिकृत
४. सदस्य श्री सामाजिक शाखा प्रमुख
५. सदस्य श्री मान बहादुर वि.क कार्यपालिका सदस्य
६. सदस्य श्री सृजना वि.क कार्यपालिका सदस्य
७. सदस्य श्री वसन्ता के.सी कार्यपालिका सदस्य
८. सदस्य श्री प्रशासन शाखा प्रमुख
९. सदस्य श्री इन्जिनियर प्राविधिक शाखा प्रमुख
१०. सदस्य श्री योजना शाखा प्रमुख
११. सदस्य श्री आर्थिक प्रशासन शाखा प्रमुख
१२. सदस्य-सचिव श्री डिल कुमार के.सी

निर्णय नं १२.



कमल प्रसाद भुसाल
प्रमुख

- सन्धिखर्क नगरपालिकाबाट स्वीकृत सन्धिखर्क १ हटारी नेटामा कृषि हाट बजार तथा तथा चिस्यान केन्द्र निर्माणको DPR गर्ने कार्यका लागि छनौट भएको परामर्शदाता Aalana International services pvt.Ltd Thapagaun , Kathmandu -काठमाण्डौं बाट पेस भएको provision of physical contingency , 10% of sub Total price Adjustment contingency 10% of sub Total Amount Total project cost १०९,३३८,५३४।२९ अक्षरुपी दश करोड त्रियानब्बे लाख अट्ठतिहजार पाँचसय चौतिस पैसा उन्तिस को DPR स्वीकृत गर्ने।

निर्णय नं १३.

- संघीय सरकार र सन्धिखर्क नगरपालिकाको संयुक्त लगानीमा सन्धिखर्क नगरपालिकाको वडा नं १ हटारी नेटा स्थित कृषि हाट बजार तथा चिस्यान केन्द्रको स्वीकृत DPR मध्ये हाललाई देहायका कार्य गर्ने गरी संरचना निर्माणको लागि वहुवर्षिय ठेक्का व्यवस्थापन गर्ने।

Agriculture Market Infrastructure construction of cold store and location:sandhikharka -1 hatari neta kholsi Arghakhanchi.

| S.N | Description of Works | mount | Remarks |
|---|---|---|---|
| 1. | Site Development work | 5,418,116.81 | |
| 2. | General work | 850,000.00 | |
| 3. | Building | | |
| 3.1 | Foundation and Ground floor | 34,846,874.93 | |
| 3.2 | First floor | 13,742,446.63 | |
| 3.3 | Second floor and Above | 8,830,830.32 | |
| 3.4 | Roofing Work | 2,767,206.45 | |
| 4 | Sanitary | 2184,463.95 | |
| 5 | Electrical | 1,117,071.00 | |
| | Sub total | 69,666,010.10 | |
| | Vat 13% | 9,056,581.31 | |
| | Grand total | 78,722,591.41 | |

निर्णय नं १४.

- संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय को च.नं २६० मिति २०७७/११/०५ गतेको पत्रबाट पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम सञ्चालन सम्बन्धमा पत्रका विषयमा श्री अर्घा भगवती मन्दिर र अर्घा दरवार निर्माणका लागि रु ३२४०००००। तिन करोड चौविस लाख नेपाल सरकारबाट व्यहोर्ने र १७४०००००। एक करोड चौहत्तर लाख गरी जम्मा रु ४९८०००००।चार करोड अन्ठानब्बे लाखको योजना सन्धिखर्क नगरपालिकाबाट लागत साझेदारीमा सञ्चालन गर्ने गरी मिति २०८० साल फागुन मसान्त सम्म कार्य सम्पन्न गर्नेगरी वहुवर्षिय ठेक्का व्यवस्थापन गर्ने ।

निर्णय नं १५ .

- सन्धिखर्क नगरपालिकाको वडा नं ७ स्थित पन्चासे देउराली बजार खानेपानी योजना जिर्ण भै देउराली बजारमा खानेपानीको सहजताका लागि उक्त योजनाको मर्मत सुधारका लागि रु २००००० ।दुई लाख विनियोजन गर्ने ।

निर्णय नं १६.

- सन्धिखर्क नगरपालिकाबाट सन्धिखर्क नगरपालिकाको वडा नं १ स्थित हटारि नेटामा निर्माणको लागि रू १०९,३३८,५३४।२९ अक्षरुपी दश करोड त्रियानब्बे लाख अट्ठतिहजार पाँचसय चौतिस पैसा उन्तिस को DPR स्वीकृत भई उक्त कार्य गर्नका लागि चा.लु आवमा संघीय सरकार बाट रू २००००००० ।दुई करोड रकम विनियोजन भएको र नगरपालिकाको आफ्नो श्रोत न्यून रहेको सन्दर्भमा उक्त योजना नगरपालिकाको महत्वपूर्ण योजना भएकाले सो योजना सम्पन्न गर्नका लागि आवश्यक रकम विनियोजन गरी सहयोग गर्न संघीय अर्थ मन्त्रालय, संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, शहरी विकास कार्यालय भैरहवा र लुम्बिनी प्रदेश सरकारमा आवश्यक रकम उपलब्ध गराई उक्त योजनाको निर्माण कार्य सम्पन्न गर्ने कार्यमा सहोग गर्न अनुरोध गर्ने।

निर्णय नं १७.



कमल प्रसाद भुसाल
प्रमुख

- सन्धिखर्क नगरपालिकाका भित्र पर्ने देहायका योजनाहरु धार्मिक साँस्कृतिक तथा पर्यटन, आर्थिक विकास समेतमा अत्यन्त महत्वराखे देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु नगरपालिकाको आफ्नो श्रोतबाट निर्माण गर्न नसिकने अवस्था रहेकाले देहायका योजनाहरुमा आवश्यक रकम विनियोजन गरि नगरपालिकाको विकासमा सहयोग गर्न संघीय सरकार/प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायमा अनुरोध गर्ने । तपसिल
  १. सन्धिखर्क नगरपालिका वडा नं ९ घर्तिखोर देखी घोर्लासी पर्यटन विकास योजना ।
  २. सन्धिखर्क नगरपालिकाको वडा नं ११ को रक गार्डेन, सन्धिखर्क नगरपालिकाको वडा नं ५ स्थित २० खुट्टे दरवार जिर्णोद्दार तथा मर्मत सम्भार ।
  ३. बाँगी खोलाको किनारी भागमा दुबै साईड तर्फ हरियाली करीडोर निर्माण माटे देखी फुदवाङ्ग सम्म र भद्री तथा घोचेखोलाको दुबै तर्फ हरियाली करीडोर निर्माण योजना सन्धिखर्क नगरपालिका वडा नं १०,१,२,३,८ र ७।
  ४. बलेवाङ्ग- मथुरा- जरेखोला- जोगिमारे-विजय माध्यमिक विद्यालय गहते-रामपथ अर्घा धर्मपानी- वेल्टारी-किमडाडाँ- कुर-गैरागोठ-काफलबास-बाझापोखरा-खानीगाउँ-घुम्ती भुटडाँडा फुदवाङ्ग आन्तिरक रिङ्गरोड ।
  ५. रागटारी-बहखोर-जगत नरपानी मो.बा।
  ६. चुत्रावेशी-भद्रीखोला-चिसापानी-लात्तेबाँज-मो.बा ।
  ७. वेल्टाली-धरमपानी-गच्छेगैरा ढोरपाटन-माटे मो.वा ।
  ८. मैदान-गौडा- खाडा आतेकासाँगु-मोटरेवल पुल सम्म ।

**निर्णय नं १८.**

- गृह मन्त्रालयको च.नं १७९६ मिति २०७७/११/२८ को पत्रानुसार यस नगरपालिकामा कार्यरत एम.आई.एस अप्रेटर फिल्ड सहायकहरुको आ.व २०७८/०७९को तलब भत्ता मध्ये १ एक चौमासिक अवधिमा हुन आउने बजेट साझेदारीको लागि अनुरोध भए बमोजिम निजहरुले खाइपाइ आएको तलब भत्तामा १ चौमासिक अवधिको लागि साझेदारी गर्ने ।

२०७८/१२/१
कमल प्रसाद भुसाल
प्रमुख